# नरहरिनाथ गाउँपालिका

## आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरू,**

नरहिनाथ गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सम्पूर्ण सदस्यहरू, पूर्व जनप्रतिनिधीहरू, कर्मचारी, पत्रकार तथा सम्पूर्ण उपस्थित महानुभावहरुमा सर्वप्रथम नरहरिनाथ गाउँपालिकाको तेह्रौ अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

नरहरिनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेको छु । यस अवसरमा नेपालको स्वाधिनता र आमुल परिवर्तनका लागी भएको जनआन्दोलन शसस्त्र युद्ध र कर्णाली प्रदेश प्राप्तिको लागी आन्दोलनमा आफ्नो अमुल्य जिवन बलिदान गर्नु हुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता योद्धाहरु प्रति विशेष स्मरण गर्दै घाइते तथा अपाङ्ग भएका व्यक्तिहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार समालेको एक बर्ष पुरा भएको छ । यस अवधिमा गाउँपालिकाको विकास सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुर्गामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनि गरिएको छ ।यस कार्यमा गाउँपालिका वासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग सहकार्य र समन्वयका लागी नरहरिनाथ गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ ।

अब म यस सम्मानित सभामा चालु आर्थिक बर्ष २०७९/०८० को निति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. गत आर्थिक बर्ष मा भौतिक पूर्वाधार तर्फ कच्चि सडक बिस्तार करिब ७ किलोमिटर निर्माण कार्य गरिएको छ ।त्यसै गरि झोलुङ्गे पुल ४ वटा , नयाँ भवन साना ठुला गरी ११ वटा, खानेपानी तर्फ ३ वटा आयोजना, सिचाई तर्फ ४ वटा सिचाई कुलाहरु र विभिन्न आयोजनाहरु निर्माण गरिएका छन ।
२. स्वास्थ्य सेवा तर्फ मातृ तथा नवशिशु सुरक्षा कार्यक्रम अन्तर्गत कर्मचारीको व्यवस्थापन स्थलगत अनुशिक्षण कार्यक्रम संचालन गरि स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि गरिएको साथै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत १९३ जनाले निशुल्क रुपमा गर्भवती जाँच गरी समस्या भएका

आमाहरुलाई थप व्यवस्थापनको लागी सम्बन्धित ठाउँमा प्रेषण गरिएको र हाल सम्म मातृ मृत्यूलाई शुन्य अवस्थामा कायम राख्न सकिएको छ ।साथै एम्बुलेन्स संचालन कार्यविधि २०७९ तयार गरि नेपाल रेडक्रस सोसाइटी नरहरिनाथ उपशाखाको पहल र नरहरिनाथ गाउँपालिकाको समन्वयमा एम्बुलेन्स सेवा संचालन गरिएको छ ।

३. गर्भवतिको निशुल्क प्रयोगशाला जाँचको व्यवस्था गरिएको छ र अन्य रोगको जाचका लागी चाहिने आवश्यक ल्याब सामाग्रीको व्यवस्थापन गरिएको छ ।

४. शिक्षा तर्फ गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन कार्यविधि २०७९ तयार गरि नयाँ पदपूर्ति कार्य पहिलो चरण समपन्न गरि बाकी आवश्यक कोटाहरुको लागी दोश्रो पटक विज्ञापन प्रकाशन गरि दक्ष शिक्षक पदपूर्ति गर्ने कार्य गरिएको छ ।

५. सूचना प्रविधि तर्फ गाउँपालिकालाई डिजिटल गाउँपालिका गर्ने अवधारणा बमोजिम डिजिटल नागरिक वडापत्र जडान, Sparrow SMS र सफ्टवयेर प्याकेज खरिद गरेर संचालनमा ल्याइएको छ

६. रोजगार सेवा केन्द्रबाट प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट ४७१ जनाले रोजगारी प्राप्त गरेका छन । भने २३ वटा आयोजनाहरु संचालन गरि विकास निर्माणका कार्यहरुमा सहयोग पुगेको छ ।

७. कृषि तथा पशुपंक्षी सेवा तर्फ स्याउ, ओखर, मकै र दलहन बाली प्रर्वद्धन कार्यक्रम लागत साझेदारीमा संचालन गरी कृषकहरुलाई व्यवसायीक खेति तर्फ आवद्ध गर्ने कार्यहरु गरिएका छन ।पशु स्वास्थ्यमा सुधारका लागी विभिन्न रोग सँग सम्बन्धित खोप तथा शिविर संचालन गरि उन्नत नश्ल सुधारका लागी कृतिम गर्भाधान गर्ने कार्य गरिएको छ । साथै महामारीको रुपमा फैलि रहेको लम्पी स्किन रोगको रोकथामको लागी विभिन्न उपायहरु अवलम्बन गरि नियन्त्रण गर्ने कार्यहरु गरिएका छन ।

८. कालिकोट जिल्लाका ९ वटा स्थानीय तह मध्ये नरहरिनाथ गाउँपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ७१ अंक सहित दोश्रो स्थान हासिल गर्न सफल भएको छ । भने वित्तिय सुशासन जोखिम मुल्याङ्कनमा जिल्लाकै ७०.५ अंक सहित प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

९. नेपाल विद्युत प्राधिकरण कालिकोट वितरण केन्द्र पहल र यस गाउँपालिकाको समन्वयमा वडा नं.१, २ र गाउँपालिकाको केन्द्र सम्म राष्ट्रिय प्रसारण लाइन बिस्तार तथा जडान गरि वा बाकी रहेका वडाहरुमा नयाँ आर्थिक बर्ष भित्र बिस्तार कार्य समपन्न गरि विद्युत सेवा प्रदान गरिनेछ ।

१०. महिला बालबालिका, जेष्ठ नागरिक समाज कल्याण ईकाइ तर्फ महिला सहकारी संस्थाका सुनौलो हजार दिनका सदस्यहरुलाई पोषण सूधारका लागी बाखा पालन व्यवसायका लागी अनुदान वितरण र अन्य जनचेतनामुलक कार्यक्रमहरु संचालगन गरिएका छन ।

**११.** उद्योग शाखा तर्फ उद्यमशिलता विकास तालिम मार्फत स्थानीय स्रोत साधनको उपयोग गरि विभिन्न बस्तुहरुको उत्पादन कार्यहरु गरिएको छ ।जस्तै अल्लोको कपडाहरु, नेपाली हाते कागज र फर्निचरका सामाग्रीहरु उत्पादन गरिएका छन ।

**गाउँसभा सदस्यज्यूहरू,**

**अब म गाउँपालिकाको सन्दर्भमा लिइने समग्र नीतिको सन्दर्भमा जानकारी गराउन अनुमती चाहन्छु।**

**१. गाउँपालिकाको समग्र नीति**

१.१. गाउँपालिकालाई नगरपालिकामा रुपान्तरण गर्न आवश्यक पूर्वाधार विकासका कार्यहरूमा जोड दिइनेछ।

१.२. प्रविधिमैत्री प्रशासनका माध्यमबाट राजश्वको दायरा फराकिलो बनाइनेछ ।

१.३. योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवमं मुल्याङ्कनमा प्रविधिको अधिकतम प्रयोग गरि नतिजामुखी पूजिगत खर्चमा बृद्धि गरिनेछ ।

१.४. गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहमा सुशासनको प्रत्याभुती आम नागरिकलाई गराउन विद्युतीय शासनमा जोड दिइनेछ। साथै सुचना प्रविधिमा आम सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्न विशेष जोड दिइनेछ।

१.५. खानेपानीको प्रार्याप्त आपुर्तिका लागी सरकारी निकाय र गैह्र सरकारी सेवा प्रदायहरुसँग सहकार्य गरि स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

१.६. गाउँपालिकाको ५ वर्षे विकासको खाका सहितको आवधिक योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

१.७. गाउँपालिकाको गरिबिलाई न्यूनीकरण गर्न तथा स्वरोजगार सिर्जनाका लागि विकास कार्यहरूलाई लक्षित गरिनेछ।

१.८. गाउँपालिका भित्र भु-उपयोग निति लागु गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

**अव म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु।**

**२. आर्थिक तथा रोजगार नीति**

**२.१. कृषि, खाद्य तथा पशु नीति**

२.१.१. प्राङ्गारिक कृषि उत्पादनमा बृद्धि, हरित क्रान्तिमा आधारित सम्बृद्धि" भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणालीको माध्यामबाट निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक एवं प्रतिस्पर्धी बनाई कृषकको आय बढाउने नीति अवलम्वन गरिने छ ।

२.१.२. हाल देशभर लगायत यस नरहरिनाथ गाउँपालिकामा समेत माहामारीको रुपमा फैलिएको लम्पि स्किन रोगको रोकथान तथा नियन्त्रणका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२.१.३. किसान सूचिकरण कार्यक्रमबाट सबै किसानहरुलाई किसान सुचिकरण प्रणालीमा सुचिकरण गरी वास्तविक किसानको पहिचान र बर्गीकरण गरी किसान परिचय पत्र वितरण गरी आवश्यक सेवा उपलब्ध गराइने छ ।

२.१.४. पालिका बाहिरबाट आउने तरकारीको निरुत्साहन गरि तरकारीमा आत्मनिर्भर भई स्थानीय स्तरमा उत्पादित तरकारीको बजारिकरणका लागी तरकारी हाट बजारको स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

२.१.५. कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरण गरी उत्पादकत्व अभिवृद्धि गर्न किसानलाई नविन प्रविधि हस्तान्तरणको व्यवस्था मिलाइनेछ।

२.१.६. वडा स्तरमा कृषि प्रशारण केन्द्र स्थापनाको लागि आवश्यक कार्य गरिनेछ।

२.१.७. कृषि अनुदान वितरणलाई मापदण्डमा आधारित बनाई वास्तविक किसान केन्द्रित गरिनेछ।

२.१.८. माटोको गुणस्तर जाच गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कर्णाली प्रदेश सरकारको एकिकृत कृषि प्रयोगशाला संग समन्वय गरी माटो परिक्षण शिविर संचालन गरिने छ ।

२.१.९. एक वडा एक कृषि/ पशुपन्छी उत्पादन पकेट कार्यक्रम संचालन गरिने छ ।

२.१.१०. रैथाने बालीका जातको संरक्षण गर्ने तथा कृषि जैविक विविधता संरक्षण गर्न रैथाने बालीको कम्पोजिट बीउ वितरण गरिने छ ।

२.१.११. मौरीपालन व्यवसायलाई प्रोत्साहन गर्न मौरी घारलाई ७५ प्रतिशत अनुदानमा वितरण गरिने छ ।

२.१.१२. हाल विद्यमान अवस्थामा उन्नत गाइभैसीको पाडापाडी जन्मिने वित्तिकै माउबाट पाडापाडीलाई छुट्याउने प्रथाको अन्त्य गरी पाडापाडी हुर्काइ आम्दानीमा बृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

### २.२. ग्रामीण उद्योग तथा व्यापार नीति

२.२.१. नागरिकको सेवालाई घरदैलोमा पूर्याउने उद्देश्यका साथ हाल सम्म जिल्लाका कार्यालयबाट भई रहेका व्यवसाय दर्ता, नविकरण र सुचिकृत गर्ने कार्यहरुका लागि आवश्यक कानुन निर्माण र बजेटको व्यवस्था गरी सेवाहरु स्थानीय तहबाटै प्रदान गरिने छ ।

२.२.२. कृषिलाई उद्योग र उद्योगलाई व्यापारसँग जोड्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२.२.३. यस पालिकाको ९ वटै वडाहरुमा स्थानीय स्रोत साधनहरुको प्रयोग हुने गरि सोहि समुदायको मागमा आधारित आवश्यकताको प्राथमिकिकरण गरि उद्यमशिलताको माध्यमबाट स्वरोगार बनाई गरिबी न्यूनिकरणमा सहयोग पुग्ने उद्देश्यका साथ **एक वडा एक उद्यम**को स्थापना गरिनेछ ।

२.२.४. गाउँपालिका भित्र रहेका गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा संलग्न लघु उद्यमिहरुका लागि  व्यवसाय सुधार तथा विस्तार र क्षमता अभिवृद्धि तालिम संचालन गर्दै स्तनोन्नी तर्फका कार्यक्रममा जोड दिइने छ ।

२.२.५. गाउँपालिकाका ग्रामीण उद्योग तथा प्रविधिको पहिचान तथा अभिलेखीकरण गरी संरक्षण गरिनेछ।

२.२.६. ग्रामीण कृषि उत्पादनको प्रशोधन गर्न आवश्यक प्रविधि उपलब्ध गराइनेछ।

२.२.७. जटिबुटी संकलन तथा प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन तथा स्थापना गरिनेछ।

२.२.८. संघ सरकारको साझेदारीमा उद्योग ग्रामको स्थापनाका लागी आवश्यक पहल गरिनेछ।

## २.३. पर्यटन नीति

२.३.१. नरहरिनाथ गाउँपालिका देखि अछाम जिल्लाको रामारोशनमा रहेको पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यको प्रारम्भ गरिनेछ।

२.३.२. गाउँपालिकाका पर्यटकीय स्थल तथा सम्पदाको सम्भाव्यता अध्ययन गरी पहिचान तथा संरक्षणको कार्य गरिनेछ।

२.३.३. नरहरिनाथ गाउँपालिकाको सुनथराली विमानस्थल देखि बाजुरा जिल्लाको बडिमालिकामा रहेको पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल र पदमार्ग निर्माण कार्यको संघ सरकार तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ।

२.३.४. सुनथराली देखि मान्मसम्मको केबलकारको निर्माण कार्यका लागी संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

## २.४. साझेदारी विकास

२.४.१. गाउँपालिकाका ठूला पूर्वाधार निर्माणमा संघीय सरकार तथा प्रदेश सरकार सँग आवश्यक पहल तथा साझेदारी गरिनेछ।

२.४.२. विकास आयोजना सञ्चालनको लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा समुदायसँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।

२.४.३. गाउँपालिका तथा गैर सरकारी संघ संस्थाबाट सञ्चालन हुने विभिन्न आयोजनाहरूको दोहोरोपना हटाउन आवश्यक समन्वय गरिनेछ।

२.४.४. उपभोक्ता समितिको सट्टा टोल विकास समिति गठन भइ सकेको हुदाँ उक्त टोल विकास समितिलाई क्षमता विकासका कार्यक्रमहरु संचालन गरि विकासका कार्यहरू अगाडि बढाइनेछ।

**सामाजिक विकास नीति**

**२.५. शिक्षा नीति**

२.५.१. साक्षर गाउँपालिका घोषणाका लागी आवश्यक प्रकृया अगाडी बढाइने छ ।

२.५.२. विगत लामो समय देखि शिक्षण पेशामा रहदै गाउँपालिका अनुदान शिक्षक पदपूर्ति परिक्षाबाट विस्थापित ४० बर्ष उमेर नाघेका शिक्षकहरुलाई सम्मानका साथ गोल्डेन हेण्डसेकको व्यवस्था गरिनेछ

२.५.३. सामुदायीक विद्यालयहरुमा सूचना प्रविधि पहुँच बृद्धि गरि गुणस्तरीय शिक्षामा जोड दिइनेछ ।

२.५.४. उतकृष्ट प्र.अ. शिक्षक कर्मचारी तथा विद्यार्थिहरुलाई प्रोत्साहनका कार्यक्रम गरिनेछ ।

२.५.५. विद्यालय निरिक्षण तथा अनुगमन कार्यलाई प्रभावकारि गरिनेछ ।

२.५.६. आवश्यक्ता र मापदण्डका आधारमा विद्यालय मर्ज तथा कक्षा थप गरिनेछ ।

२.५.७. शिक्षक कर्मचारीहरुको क्षमता विकास सम्बन्धि तालिमहरु संचालन गरिनेछन ।

२.५.८. खेलकुद विकासमा विशेष जोड दिइनेछ ।

२.५.९. यूवा शसक्तिकरणका लागी विभिन्न कार्यहरु गरिनेछ ।

२.५.१०. सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गरिनेछ।

२.५.११. गरिब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृतिको व्यवस्था गरिनेछ।

२.५.१२. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई बस्तुनिष्ठ रुपमा मुल्याङ्कन गरी वितरणको व्यवस्था मिलाइनेछ।

२.५.१३. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड विरतणको व्यवस्था मिलाइनेछ।

**२.६. जनस्वास्थ्य नीति**

२.६.१. नेपालको संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवालाई निशुल्क,गूणस्तरीय र सर्भसुलभ बनाई नागरीकको सहज पहुँच सुनिश्चितता गरिने छ ।

२.६.२. यस नरहरिनाथ गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रलाई आधारभूत अस्पतालको रुपमा स्तरोन्ति गरिनेछ ।

२.६.३. स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी तथा औषधिजन्य सामाग्रीहरुको सहजरुपमा समयमै उपलब्धता गराईने छ।

२.६.४. सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागी भौतिक पूर्वाधार र प्रयोगशाला व्यवस्थापनमा जोड दिईने छ ।

२.६.५. स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन व्यवस्थित तथ्यपरक र विश्वसनिय बनाउनका लागी आधुनिक विद्युतिय सुचना प्रविधिको प्रयोगमा जोड दिईने छ ।

२.६.६. गाउँपालिकाबाट संचालन गरिएको एम्बुलेन्स सेवालाई निरन्तरता गर्दै सर्भसुलभ र थप व्यवस्थित गरिनेछ ।

२.६.७. यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई स्वीकृत दरबन्दी संरचना र बजेटको परिधिभित्र रही गुणस्तरीय स्वास्थ्य सेवालाई सुचारु गर्न कर्मचारीहरुको व्यवस्थापन, परिस्कृत तथा हेरफेर गरिनेछ ।

२.६.८. आयूर्वेद उपचार पद्धतिलाई प्रोत्साहन र प्रवर्धन गर्न यस गाउँपालिकामा स्थापना भएको नागरिक आरोग्य केन्द्रको पूर्वाधार विकास र सुदृढिकरणमा जोड दिईनेछ। योग शिविर संचालन तथा मानसिक रोग व्यवस्थापनलाई समेत प्राथमिकतामा राखिने छ ।

२.६.९. गाउँपालिका क्षेत्रभित्र परम्परागत औषधिजन्य बनस्पिको संरक्षण आयूर्वेद औषधि प्रर्वद्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ ।

२.६.१०. सामुदायिक आँखा उपचार केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।

२.६.११. नेपाल सरकारका पहिलो प्रथमिकता परेका कार्यक्रमलाई व्यवस्थित गर्न सुरक्षित मातृत्व कार्यक्रम मातृ शिशु पोषण कार्यक्रम पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई प्रभावकारी बनाई वञ्चितिकरणमा परेका समुदायलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन प्रयत्न गरिनेछ ।

२.६.१२. छरिएर रहेका वस्तिहरुमा स्वास्थ्य सेवा प्रवाह गर्न एकिकृत स्वास्थ्य शिविर संचालन गरि नसर्ने रोगको पहिचानमा जोड दिदै उपचार पद्धतिमा समेटिने छ।

२.६.१३. गर्भवति सुत्केरी र बालबालिकालाई पोषिलो पिठो आयोडिनयूक्त नुन लगायत पौष्टिक आहार वितरण व्यवस्थित गरिनेछ र स्थानिय स्तरमा उपलब्ध पोषिलो खाद्य परिकारको प्रयोगमा जोड दिईनेछ।

२.६.१४. विद्यालय स्वास्थ्य शिक्षा महिनावारी स्वच्छता कार्यक्रमलाई प्रभावकारी बनाउनका लागी बिद्यालय स्वास्थ्य संस्था र सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका बिच समन्वयमा जोड दिदै प्रभावकारी परिचालन गरिनेछ ।

२.६.१५. सामुदायीक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२.६.१६. स्थानिय नागरिकको स्वास्थ्य उपचार तथा सर्ने र नसर्ने रोगको खोज पड्ताल कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गर्नका लागी स्वास्थ्यकर्मीहरु लाई परिचालन तथा प्रोत्साहन गरिनेछ ।

२.६.१७. मातृ तथा नवशिशु मृत्यूदर लाई उल्लेखनिय रुपमा घटाई दिगो विकास लक्ष्य पूरा गर्नको लागी ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई सुदृढिकरण गरि प्रत्येक गर्भवतिले ३ पटक सम्म निशुल्क भिडियो एक्स रे गरि समस्या पहिचान भएका गर्भवति तथा सुत्केरीलाई प्रेषणको व्यवस्थापन गरिनेछ।र प्रसुति केन्द्रको विस्तार र व्यवस्थित गरिनेछ ।

२.६.१८. असहाय गरिब तथा दिर्घ रोगीहरुलाई आवश्यक सहयोग र माहामारी जन्य रोगको रोगथाम तथा नियन्त्रणको लागी जगेर्ना कोषको व्यवस्थापन गरि प्रभावकारी परिचालन गरिनेछ ।

२.६.१९. नागरिक स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी परिचालन तथा व्यवस्थित गरिनेछ ।

२.६.२०. स्वास्थ्य सेवालाई प्रभावकारी ढंगबाट संचालन गर्न तथा घरदैलो स्वास्थ्य सेवा प्रदान गर्नको लागी स्वास्थ्यकर्मीको प्रभावकारी परिचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

२.६.२१. सुर्तिजन्य पदार्थको रोकथाम तथा नियन्त्रणको लागी जनचेतना मुलक कार्यक्रम संचालन गर्नको लागी आवश्यक पहल गरिनेछ ।

२.६.२२. यस नरहरिनाथ गाउँपालिकामा संचालनमा रहेका नीजी मेडिकल क्लिनिकहरुको नियमन गरी नियमानुसार दर्ता गरि करको दायरामा ल्याउन पहल गरिनेछ ।

२.६.२३. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागी सार्वजनिक संस्था निजि क्षेत्र गैर सरकारी संस्थाहरुसँग सहकार्यको नितिलाई निरन्तरता दिइनेछ ।

## २.७. पोषण योजना निति

**२.७.१.** नरहरिनाथ गाँउपालिकाले सुनौला १००० दिनका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ यस गाउँपालिकामा कार्यान्वयन गरी रहेकोमा आगामी आ.व.

बाट सबै विषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तय गरी पोषण तथा खाद्य सुरक्षाको लागि तोकिएको क्रियाकलापहरु सञ्चलन गरिने छ।

२.७.२. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्रीस्थानीय शासन(Nutrition Friendly Local Governance-NFLG) अबलम्बन गर्न र आगामी ४ बर्ष भित्र यस गाउँपालिकालाई पोषण मैत्री स्थानीय तह घोषणाका लागि विशेष अभियान सञ्चालन गरि पोषण मैत्री वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखि कार्य गरिनेछ ।

२.७.३. बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि विषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लक्षित र संवेदनशील क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला किशोरी र बालबालिका लक्षित कार्यक्रम जस्तैः बैंक खाता छोरीको सुरक्षा जीवन भरीको, बालपोषण अनुदान, सुत्केरी पोषण कार्यक्रम, खोप कार्यक्रम, मर्यादित महिनावारी, विद्यालय पोषण शिक्षा, दिवा खाजा, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समावेश गरिने छ ।

२.७.४. यस स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सुचना, तथ्यांकहरुकोव्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै स्थानीय तहमा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा पालिका स्तरीय पोषण बृत चित्र तथा स्थिति पत्र( Nutrition Profile and Nutrition Status paper ) यसै बर्षभित्र तयार गरिने छ ।

२.७.५. बहुक्षेत्रीय पोषण योजनाले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संस्थागत र क्षमता विकासमा जोड दिईनेछ ।

## २.८. खानेपानी तथा सरसफाइ नीति

२.८.१. यस गाउँपालिका रहेका सम्पूर्ण मुहानहरु गाउँपालिकामा दर्ता गर्ने कार्य अगाडी बढाइनेछ

२.८.२. एक घर एक धारा नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

२.८.३. खानेपानी मुहान संरक्षणमा विशेष जोड दिइनेछ। साथै दर्ता भएका मुहानहरुको

२.८.४. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त बनाउन गैर सरकारि संघ संस्थाहरु सँग आवश्यक समन्वय गरिनेछ।

२.८.५. गाउँपालिकामा सरसफाइसँग सम्बन्धित विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरि नागरिकहरुको चेतना अभिबृद्धि गरिनेछ ।

## २.९. संस्कृति तथा सम्पदा नीति

२.९.१. नरहरिनाथ गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

२.९.२. नरहरिनाथ गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गरि राष्ट्रिय लोकबाजाको संरक्षण गर्ने नीति लिइनेछ।

२.९.३. गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सांस्कृतिक सम्पदाको पहिचान तथा संरक्षणको लागि तथ्याङ्क संकलन तथा अभिलेखीकरणको कार्य गरिनेछ।

२.९.४. योगी नरहरिनाथको प्रशासकीय भवनको प्राङ्गणमा राष्ट्र गुरु योगी नरहरिनाथको शालिक निर्माण गरिनेछ ।

**२.९.५. महिला बालबालिका, तथा जेष्ठ नागरिक समाज कल्याण ईकाइ**

२.९.५.१. बालबालिकाका लागि उपयुक्त स्थानमा बाल उद्यान निर्माण गरिनेछ।

२.९.५.२. लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण नीतिलाई कार्यान्वयन गरिनेछ ।

२.९.५.३. महिलाहरुको लागी सीप विकास आय आर्जन मुलक कार्यक्रम संचालन गरिनेछ ।

२.९.५.४. बालविबाह , छिटो विवाह र जवर्जस्ती विवाह न्यूनिकरण लागी किशोर किशोरीलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२.९.५.५. बालश्रममुक्त स्थानीय तह,बालमैत्रि स्थानिय तह घोषणा कार्यक्रमलाई विशेष अभियानको रुपमा संचालन गरिनेछ ।

२.९.५.६. यस नरहरिनाथ गाउँपालिकामा जोखिममा रहेका बालबालिकाको तथ्यांक संकलन गरि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२.९.५.७. यस नरहरिनाथ गाउँपालिकामा रहेका अपाङ्गता भएका बालबालिकालाई अपाङ्गता पहिचान गरि पुनर्स्थापना गरिनेछ ।

२.९.५.८. यस गाउँपालिकामा रहेका अपाङ्गता बालबालिकाको अपाङ्गता पहिचान गरी उपचार सहायक सामाग्री, कृतिम अङ्ग उपलब्धताको लागी पहल गरिनेछ ।

२.९.५.९. विद्यालयमा बालबालिकाको नियमितताको लागी बालबालिका मैत्रि वातावरण निर्माणमा जोड दिइनेछ।

२.९.५.१०. बैंक सम्म उपस्थित भइ सामाजिक सुरक्षा भत्ता लिन असमर्थ वर्गको लागि वडा स्तरबाट नै सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकसँग समन्वय गरिनेछ।

२.९.५.११. महिलाहरुको सशक्तीकरणको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

२.९.५.१२. अपाङ्गता भएका व्यक्तिहरूको जिविकोपार्जन संरक्षणमा विशेष ध्यान दिइनेछ।

**पूर्वाधार विकास**

**२.१०. सडक पूर्वाधार सम्बन्धी नीति**

२.१०.१. गाउँपालिकाभित्र बाह्रै महिना सहज यातायात सञ्चालनको लागि सडक निर्माण तथा सुधारका कार्यहरू गर्नका लागी सडक एम्बुलेन्सको व्यस्था गरिनेछ।

२.१०.२. नरहरिनाथ गाउँपालिका वडा नं १ अन्तर्गत लालीघाट देखि गाउँपकालिको केन्द्र सम्म संचालनमा रहेका यातायातका साधनहरुको भाडादर कायम गरिनेछ ।

२.१०.३. गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयलाई सडक संजालमा जोड्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२.१०.४. नरहरिनाथ गाउँपालिकामा रिङरोड निर्माणका कार्यलाई तिब्र रुपमा अगाडी बढाइनेछ ।

२.१०.५. विभिन्न सडक तथा पर्यटकीय मार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२.१०.६. गाउँपालिका अन्तर्गत रहेका अपुरा सडक तथा अन्य योजनाहरुलाई पुरा गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

२.१०.७. विश्वकुना देखि तलकोट छेडा हुँदै वडा नं ५ रुप्साको चुनासम्मको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२.१०.८. गाउँपालिका प्रशासकीय भवनको निर्माण कार्य आ व २०८०।८१ मा सम्पन्न गर्नका लागी आवश्यक बजेटको व्यवस्था गरि कार्य सम्पन्न गरिनेछ ।

२.१०.९. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस आर्थिक बर्षमा अपुरा भएका विद्यालय भवनहरुका भवनको निर्माण कार्य सम्पन्न गरिनेछ ।

## २.११. सूचना तथा संचार सम्बन्धी नीति

२.११.१. यस नहरिनाथ गाउँपालिकामा सूचना प्रविधि सम्बन्धी सेवाका साथै ईन्टरनेट सेवा प्रदायक (Internet Service Provider) बिच स्वस्थ प्रतिस्पर्धाको वातावरण सृजना गरि समयानुकुल सूचना तथा गुणस्तरिय सेवा प्रवाह गर्न गाउँपालिका, स्वास्थ्य संस्था र वडा कार्यालयमा अप्टिकल फाइबर (Optical Fiber) को जडान गरेर सेवा ग्राहीलाई सहजता पुर्याइने छ

२.११.२. यस नरहरिनाथ गाउँपालिकामा सेवा ग्राहीलाई सहजताका लागी गाउँपालिका र वडा कार्यलयमा डिजिटल नागरिक वडापत्रको व्यवस्थापन गरिनुका साथै नागरिकहरुलाई थप जानकारी लिनका लागी टोल फ्री नम्बरको व्यवस्थापन गरिनेछ ।

२.११.३. यस गाउँपालिकामा यस पूर्व संचालन गरिएका सम्पुर्ण सफ्टवयेरहरु नविकरण गर्नु पर्ने भए नविकरण गर्ने र अन्य सफ्टवयेरहरुलाई चुस्तदुरुस्त रुपमा नयाँ आर्थिक बर्षबाट संचालनमा ल्याइ सेवा ग्राहीहरुलाई सेवा प्रदान गरिनेछ ।

२.११.४. गाउँपालिकासँग सम्बन्धित सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख तथा संग्रहको लागि राष्ट्रिय सूचना तथा प्रविधि केन्द्रले तोकेको मापदण्डको अधिनमा रही कार्यालयमा एक "सूचना तथा अभिलेख केन्द्र" को स्थापना गरिनेछ ।

२.११.५. यस नरहरिनाथ गाउँपालिका वडा नं ४ सुन्दरखालमा रहेको नेपाल टेलिकमको 4G टावर संचालन गर्न आवश्यक पहल गरिनेछ ।

२.११.६. सूचना प्रविधि निति एक बिस्तृत एवम एकिकृत कार्ययोजना बनाई बजेट व्यवस्था सहित लागु गरिनेछ ।

२.११.७. गाउँपालिकाको लगानीमा सञ्चालित सुनथराली एफ.एम. लाई व्यवस्थित गर्न एफ.एम व्यवस्थापन समिति गठन गरिनेछ। उक्त एफ.एम्. लाई आत्मनिर्भर बनाउन आवश्यक कार्य गरिनेछ।

## २.१२. उर्जा विकास सम्बन्धी नीति

२.१२.१. नेपाल विद्युत प्राधिकरण कालिकोट वितरण केन्द्रसँगको पहल र यस गाउँपालिकाको समन्वयमा वडा नं.१, २ र गाउँपालिकाको केन्द्र सम्म राष्ट्रिय प्रसारण लाइन बिस्तार तथा जडान गरि बाकी रहेका वडाहरुमा नयाँ आर्थिक बर्ष भित्र बिस्तार कार्य समपन्न गरि विद्युत सेवा प्रदान गरिनेछ ।

२.१२.२. हाल सञ्चालनमा रहेका साना जलविद्युत आयोजनाको थप व्यवस्थापन गरिनेछ।

२.१२.३. बैकल्पीक ऊर्जा प्रर्वद्धन केन्द्रसँग आवश्यक पहल गरी यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्था शैक्षिक संस्थाहरुमा सौर्य ऊर्जा मागका लागी आवश्यक पहल गरिनेछ ।

२.१२.४. निर्माणाधीन लघु जलविद्युत आयोजनालाई सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

२.१२.५. गाउँपालिकाका विभिन्न क्षेत्रमा वायु उर्जाको सम्भाव्यता अध्ययनको लागि आवश्यक पहल गरिनेछ।

## २.१३. भवन निर्माण नीति

२.१३.१. गाउँपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड जारी गरि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

२.१३.२. वडा कार्यालय निर्माण भई सकेका वडा कार्यालयबाट चुस्त दुरुस्त सेवा प्रवाह गर्नुका साथै वडा कार्यालयको भवन निर्माण नभएका वडा कार्यालयका लागी प्रदेश सरकार समक्ष बजेट व्यवस्थापनका लागी माग गरिनेछ ।

२.१३.३. तोकिएका क्षेत्रमा गाउँपालिकाबाट नक्सा पास गरी भवन निर्माणको अनुमति दिने कार्य सुचारु गरिनेछ।

२.१३.४. सामुदायिक विद्यालयहरुको आवश्यकतालाई मध्येनजर गर्दै भौतिक पूर्वाधारको थप व्यवस्थापन गरिनेछ ।

## २.१४. रोजगार सेवा तर्फ निति

२.१४.१. नेपालको संविधानको धारा ३३ मा रोजगारीको हक सम्बन्धी व्यवस्था बमोजिम बनेको रोजगारी हक सम्बन्धी ऐन २०७५ को रोजगारी हक सम्बन्धी नियमावली २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकाको (दोस्रो संसोधन २०७८) को बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप रोजगारी सिर्जना गर्न र प्रभावकारी आयोजना संचालन गर्न यस स्थानीय तहबाट प्रशस्त साझेदारी बजेट व्यवस्था गरि कार्यन्वयन गरिनेछ

२.१४.२. कर्णाली प्रदेश सरकारद्धारा संचालित मुख्यमन्त्री रोजगार कार्यक्रमलाई पनी प्रभावकारी रुपमा संचालन गरि प्रभावकारी रुपमा कार्यन्वयन गरि थप रोजगारी सिर्जना गरिने छ ।

२.१४.३. रोजगार रणनिति तयार गरी रोजगारका कार्यक्रमहरुलाई प्राभवकारी र दिगो बनाउका लागी थप कार्यक्रम संचालन गरिनेछ ।

२.१४.४. रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रमशक्तिको लागत तयार गरी विभिन्न सिपमुलक तालिम संचालन गरिनेछ ।

## २.१५. वन वातावरण तथा विपद् व्यवस्थापन नीति

२.१५.१. गाउँपालिकाको सडक छेउछाउ तथा अन्य खाली जमिनमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

२.१५.२. गाँउपालिकाका सबै बडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरक्षण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि उपभोक्ता समितिको क्षमता विकास गरिनेछ।

२.१५.३. गाँउपालिका भित्र रहेका निजि र सार्वजनिक जग्गाको लगत संकलन गरि संरक्षण गरिनेछ।

२.१५.४. नरहरिनाथ गाँउपालिका पुर्वाधार बिकास प्रक्रियामा विपद् जोखिम न्यूनिकरणका अवधारणालाई अवलम्बन गरिनेछ।

२.१५.५. स्थानिय विपद् जोखिम न्यूनिकरण रणनितिक कार्ययोजना तथा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ साथै स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना(LDCRP) तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।यस्ता योजना तयार गरि बिकास साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ।

२.१५.६. यस गाँउपालिकामा विपद्को जोखिम न्युनिकरणका निम्ति भौतिक पुर्वाधारले मात्र सम्भव नभएका कारण वायोइञ्जिनियरिङको अवधारणालाई अवलम्वन गरिनेछ।

२.१५.७. जनताको दैनिक जनजीवन सुरक्षित बनाउन एवम सुरक्षा कायम गर्नका लागि नेपाल प्रहरी, नेपाली सेना सशस्त्र प्रहरी लगायत गैह्र सहकारी संस्था हरुको क्षमता अभिवृद्धि गर्न गाउँ प्रहरीको व्यवस्थापन र क्षमता अभिवृदि गरेर कायिक्रम अगाडी बढाइनेछ।

२.१५.८. विपद् व्यवस्थापन पूर्व तयारी बारे जानकारी संयन्त्र निर्माण गरिने छ ।

२.१५.९. प्रत्येक वडामा विपद प्रतिकार्य कार्यदल गठन गरिने छ ।

२.१५.१०. गाउपालिकामा स्थापना भएको आपतकालिन संचालन केन्द्र लाई थप ब्यबस्थीत गर्दै लगिनेछ ।

२.१५.११. स्थानिय विपद ब्यबस्थापन समिती बडास्तरिय बिपद पुर्ब तयारी तथा प्रतिकार्य समिती र सामुदायिक बिपद ब्यबस्थापन समिती हरुलाई पुर्नगठन गर्दै लगिनेछ ।

२.१५.१२. विपत्तमा परेका व्यक्ति तथा परिवारको लागि तत्काल राहत, उद्दार तथा पुनर्स्थापनाको लागि आवश्यक कार्य गरिनेछ।

**२.१६. संस्थागत विकास तथा सुशासन नीति**

२.१६.१. यस गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको तलवमा तहगत एकरुपता कायम गरिनेछ ।

२.१६.२. जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२.१६.३. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गरिनेछ।

२.१६.४. स्वीकृत दरबन्दीमा स्थायी कर्मचारी पदपूर्तीको लागी प्रदेश लोक सेवा आयोगमा माग गरिनेछ।

२.१६.५. न्यायिक समितिलाई प्रभावकारी बनाउन आवश्यक क्षमता विकास तालिमको व्यवस्थापन गरी मुद्दाहरूलाई यथाशीघ्र फछ्र्यौट गरिनेछ।

२.१६.६. सेवा केन्द्रका रुपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारबाहिलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ ।

२.१६.७. कर्मचारीको कामको उचित मुल्याङ्कन गरी पुरस्कार तथा प्रोत्साह गरिनेछ।

२.१६.८. कार्यालयमा विनियोजन गरिने बजेटलाई सम्बन्धित वडाको जनसंख्या, भुगोल, राजश्वको क्षमता, विकासको अवस्था तथा आवश्यकता समेतको आधारमा बजेट विनियोजन व्यवस्था मिलाइनेछ।

२.१६.९. यस गाउँपालिका भित्र रहेका वडा कार्यालय र अन्य शाखा तथा उप शाखाहरुबाट खरिद गरिने सम्पूर्ण सामाग्रीहरु सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम सम्बन्धित कार्यालय वा शाखाहरुबाट खरिद प्रकृया अगाडी बढाइनेछ ।

अन्तमा, नरहरिनाथ गाउँपालिकालाई जनअपेक्षा अनुरुपको प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय गाउँपालिका महासंघ, विकास साझेदारहरु, जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद ।।।**

**नगेन्द्र बहादुर विष्ट**
**अध्यक्ष**
**नरहरिनाथ गाउँपालिका**